नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# नेपाल औषधि लिमिटेडको रिक्त संचालक समितिको अध्यक्ष र विज्ञ सदस्य नियुक्तिको लागि दरखास्त आव्हानको सूचना।

सूचना प्रकाशित मितिः २०८३।०४।०८

नेपाल औषधि लिमिटेडको रिक्त संचालक समितिको अध्यक्ष र विज्ञ सदस्य पदमा खुल्ला प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्नुपर्ने भएकोले उद्योग, वाणिज्य तथा सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्वन्धी निर्देशिका, २०७८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (कार्यालय समयमा) मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरबार काठमाडौंमा दरखास्त सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. न्यूनतम शैक्षिक योग्यता र अनुभवः

(क) अध्यक्ष पदको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्र (औषधि उत्पादन/ गुणस्तर नियन्त्रण/गुणस्तर सुनिश्चितता, औषधि अनुसन्धान तथा विकास, औषधि नियमन (औषधि दर्ता/औषधि निरीक्षण/ औषधि परीक्षण/ नियामक निकायमा कार्य अनुभव), फार्मेसी/फार्माकोलोजी/औषधि विज्ञान विषयमा अध्यापन, औषधि आपूर्ति तथा वितरण) मा कम्तिमा पाँच वर्षको अनुभव भएको।

(ख) विज्ञ सदस्य पदको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सार्वजनिक निकायको कामको प्रकृतिसँग सम्बन्धित विषय (औषधि उत्पादन/ गुणस्तर नियन्त्रण/गुणस्तर सुनिश्चितता, औषधि अनुसन्धान तथा विकास, औषधि नियमन (औषधि दर्ता/औषधि निरीक्षण/ औषधि परीक्षण/ नियामक निकायमा कार्य अनुभव), फार्मेसी/फार्माकोलोजी/औषधि विज्ञान विषयमा अध्यापन, औषधि आपूर्ति तथा वितरण) मा कम्तीमा दश वर्षको विज्ञता हासिल गरेको।

(ग) अध्यक्षको हकमा दरखास्त दिने अन्तिम मितिसम्म ३५ (पैंतीस) वर्ष पूरा भई ६५ (पैंसट्ठी) वर्ष उमेर ननाघेको र सदस्य पदको हकमा दरखास्त दिने अन्तिम मितिसम्म ३० (तीस) वर्ष पूरा भई ६५ (पैंसट्ठी) वर्ष उमेर ननाघेको।

२. पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः

क) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता र कार्य अनुभव खुलेको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि, विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रि. वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, योग्यता, अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन नं., मोबाइल नं., स्थायी, अस्थायी, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण।

ख) उम्मेदवारको हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो।

नेपाल सरकार

३. दरखास्त साथ निम्नलिखित व्यहोराहरू उम्मेदवार स्वयंले प्रमाणित गरी स्वघोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछः

(क) राजनैतिक दलको सदस्य नभएको,

(ख) भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतवाट कसुरदार ठहर नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु नभएको,

(घ) बैक तथा वित्तीय संस्थाको ऋण नतिरेका कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको अवस्था नरहेको,

(ङ) टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको,

(च) नेपाल औषधि लिमिटेडसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको,

(छ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(ज) कुनै पनि गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको,

(झ) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको,

४. दरखास्त दस्तुरबापत मन्त्रालयको कार्यालय कोड नं. ३०७००३५०१, राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैक लिमिटेड, सिंहदरवार शाखामा रु. १,५००/- (अक्षरेपी एक हजार पाँच सय मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५. **पारिश्रमिक अन्य सुविधाः** प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्य विवरणः

(क) यो सूचना बमोजिम रित नपुगी दर्ता हुन आएका दरखास्त सिफारिस समितिबाट अस्वीकृत हुनेछ।

(ख) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा दरखास्त साथ कार्यरत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र पेश गर्नुपर्नेछ।

(ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको वेबसइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची २

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

## नियुक्त वा मनोनीत हुन चाहने पदाधिकारीले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायको देहायको पदमा नियुक्ति/मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून वमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

१. नियुक्त/मनोनीत हुन चाहेको सार्वजनिक निकायको नाम:

२. नियुक्त/ मनोनीत हुन चाहेको पद:

३. दरखास्त पेश गर्ने व्यक्तिको

क) व्यक्तिगत विवरण:

नाम थर:-

नेपाली नागरिकताको प्रमाणपत्र नम्बर र जारी जिल्ला:

स्थायी ठेगाना:

अस्थायी ठेगाना:

जन्म मिति:

सम्पर्क नम्बर:

इमेल:

ख) शैक्षिक योग्यताको विवरण:

| क्र.सं. | उपाधि | विश्वविद्यालय/ शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ग) अनुभव

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार

घ) लेख/रचना तथा अन्य प्रकाशन

| क्र.सं. | लेख/रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल/पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ङ) अन्य केही खुलाउनु पर्ने भएः

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

च) संलग्न कागजात तथा विवरणः

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) वैयक्तिक विवरण,

(३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(४) सम्वन्धित क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

दस्तखतः ............................

नाम थरः ............................

मितिः ..............................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल औषधि लिमिटेडको रिक्त अध्यक्ष र विज्ञ सदस्य पदका उम्मेदवारले आवेदन फारम साथ पेश गर्नुपर्ने

**स्वःघोषणा फाराम**

| सि.नं. | विषय |
|---|---|
| १. | राजनैतिक दलको सदस्य नभएको, |
| २. | भष्ट्राचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अभियोग नलागेको वा सजाय नपाएको, |
| ३. | आफ्नो नाममा व्यक्तिगत सरकारी बेरुजु बाँकी नरहेको, |
| ४. | प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा भएको, |
| ५. | टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको, |
| ६. | नेपाल औषधि लिमिटेडसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि निजी स्वार्थ नभएको, |
| ७. | विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको तथा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको, |
| ८. | कुनै पनि राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको। |

यसमा लेखिएको ब्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु।

उम्मेदवारको नाम थरः

दस्तखतः

मितिः

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं